# रेसुङ्गा नगरपालिका

## स्थानीय राजपत्र

**खण्डः ७ संख्याः ३७ चैत्र ७ गते, बिहीबार, २०८०**

## भाग-२

# रेसुङ्गा नगरपालिकाको जेहेन्दार विद्यार्थी छात्रवृत्ति वितरण सम्बन्धी कार्यविधि, २०८०

**नगर सभाबाट स्वीकृत मितिः २०८०/१२/०७**

**प्रस्तावना :**

S.E.E परीक्षामा ३.२० माथि जि. पि. ए. ल्याएर उत्तीर्ण गरेका विद्यार्थीहरुलाई +२ अध्ययन गर्नको लागि नगरपालिका अन्तर्गत सञ्चालित +२ विद्यालयहरुमा नै भर्ना हुन अभिप्रेरित गरी सक्षम जनशक्तिलाई अन्यत्र पलायन हुने प्रवृत्तिलाई कम गर्ने अभिप्रायले प्रदान गर्न लागिएको जेहेन्दार छात्रवृत्तिलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले रेसुङ्गा नगर कार्यपालिकाले जेहेन्दार विद्यार्थी छात्रवृत्ति वितरण सम्बन्धी कार्यविधि, २०८० बनाइएको छ ।

## परिच्छेद १

**प्रारम्भिक :**

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "रेसुङ्गा नगरपालिकाको जेहेन्दार विद्यार्थी छात्रवृत्ति वितरण सम्बन्धी कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "**कार्यपालिका**" भन्नाले रेसुङ्गा नगरपालिकाको कार्यपालिका सम्झनु पर्छ ।

(ख) **"कार्यालय"** भन्नाले रेसुङ्गा नगरपालिका नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्छ ।

(ग) **"छात्रवृत्ति"** भन्नाले यस कार्यविधिले तोकेको आधार अनुसार छनौट भएका विद्यार्थीहरुलाई प्रदान गरिने रकमलाई सम्झनु पर्छ ।

(घ) **"जेहेन्दार विद्यार्थी"** भन्नाले छात्रवृत्तिको लागि निवेदन दिएका ३.२ जि पि ए ल्याई S.E.E उत्तीर्ण भएर हाल रेसुङ्गा नगरपालिका भित्र सञ्चालित विद्यालयहरुमा कक्षा ११ मा भर्ना भई अध्ययनरत रहेका विद्यार्थीहरुलाई सम्झनु पर्छ ।

(ङ) **"नगरपालिका"** भन्नाले रेसुङ्गा नगरपालिका गुल्मी सम्झनु पर्छ ।

(च) **"सभा"** भन्नाले रेसुङ्गा नगरपालिकाको नगरसभा सम्झनु पर्छ ।

## परिच्छेद २

## छात्रवृत्तिको मापदण्ड सम्बन्धी व्यवस्था

१. ३. छात्रवृत्तिको मापदण्ड : S.E.E उत्तीर्ण गरी हाल यसै नगरपालिका अन्तर्गतका विद्यालयहरुमा कक्षा ११ मा भर्ना भ रजिष्ट्रेशन फारम भरिसकेर अध्ययनरत रहेका छात्र-छात्रालाई छात्रवृत्ति प्रदान गर्न सकिनेछ ।

२. यस कार्यविधि बमोजिम छात्रवृत्तिको मापदण्ड निम्न प्रकार हुनेछ :

(क) S.E.E मा कम्तिमा पनि ३.२ जि. पि. ए ल्याएको हुनुपर्नेछ ।

(ख) रेसुङ्गा नगरपालिकाभित्र सञ्चालित विद्यालयहरुमा कक्षा ११ मा भर्ना भएको हुनुपर्नेछ ।

(ग) कक्षा ११ मा भर्ना भई रजिष्ट्रेशन फारम भरी नियमित रुपमा अध्ययनरत रहेको हुनुपर्नेछ ।

(घ) माथि उल्लखित मापदण्ड पुगेका सबै विद्यार्थीहरुलाई मासिक रु १०००/- का दरले छात्रवृत्ति रकम कार्यलयले तोकेको बैंकमा विद्यार्थीको खाता नं मा वा विद्यार्थी अध्ययनरत विद्यालयको खातामा निकाशाको प्रबन्ध मिलाइने छ ।

## परिच्छेद ३

## छात्रवृत्ति छनौट तथा सिफारिस समिति :

**४.छात्रवृत्ति छनौट समिति** : (१) जेहेन्दार विद्यार्थी छात्रवृत्तिको छनौट तथा सिफारिस गर्न तपशिल बमोजिमको एक समिति रहनेछ ।

नगर प्रमुख संयोजक

| | |
|---|---|
| नगर उपप्रमुख | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| सामाजिक विकास समितिका संयोजक | सदस्य |
| आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| नगरप्रमुखले तोकेको कार्यपालिकाको महिला सदस्य | सदस्य |
| शिक्षा शाखा प्रमुख | सदस्य सचिव |

(२) छात्रवृत्ति छनौट समितिले आवश्यक ठानेमा विज्ञको रुपमा बढीमा ३ जना अन्य व्यक्तिलाई आमन्त्रण गर्न सक्नेछ ।

(३) समितिको बैठक बढीमा चार पटक बस्न सक्नेछ ।

(४) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

**५ छात्रवृत्ति छनौट प्रक्रिया** : दफा ४ बमोजिमको समितिले छात्रवृत्तिको लागि विद्यार्थी छनौट गर्दा तपशिल बमोजिमका प्रक्रियाहरु अपनाउन सक्नेछ :

(क) छात्रवृत्ति कार्यक्रमा सहभागि हुने विद्यार्थीको लागि दरखास्त आव्हान गर्न सामाजिक सञ्जाल र कार्यलयको वेवसाइडबाट तोकिएबमोजिमको कम्तिमा पनि १५ दिनको सूचना प्रकाशित गर्नुपर्नेछ ।

(ख) सुचना बमोजिम प्राप्त निवेदनहरु संकलन गर्नुपर्नेछ ।

(ग) प्राप्त निवेदन उपर प्रारम्भिक छानविन तथा पेश भएका प्रमाणहरु रुजु गर्नुपर्नेछ ।

(घ) रित पुगेका निवेदन उपर मूल्यांकन गर्नुपर्नेछ ।

(ङ) तोकिएबमोजिमका निवेदक विद्यार्थीहरुलाई छात्रवृत्ति रकम उपलब्ध गराउन छनौट गर्नुपर्नेछ ।

**६. छात्रवृत्तिको निवेदन दिदा संलग्न गर्नुपर्ने कागजातहरु** : जेहेन्दार छात्रवृत्तिको लागि विद्यार्थीहरुले नगरपालिकामा निवेदन पेश गर्दा तपशिल बमोजिमका कागजातहरु पेश गर्नुपर्नेछ :

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा नागरिकता नबनाएका विद्यार्थीहरुले जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि र बाबुआमा वा अभिभावकको नागरिकताको प्रतिलिपि

(ख) S.E.E. ग्रेडसिटको प्रतिलिपि र कक्षा १२ मा छात्रवृत्ति प्राप्त गर्नको लागि कक्षा ११ को ग्रेटसिट

(ग) सम्बन्धित शैक्षिक संस्थामा चालु शैक्षिक सत्रमा भर्ना भएको प्रमाण ।

(घ) सम्बन्धित शैक्षिक संस्थामा भर्ना भई रजिष्ट्रेशन फारम समेत भरी नियमित रुपमा अध्ययनरत रहेको भन्ने व्यहोरा खुलेको सो संस्थाको छात्रवृत्तिका लागि सिफारिस पत्र ।

**७. छात्रवृत्ति सुविधा एक पटकका लागि मात्र लागु हुने** : यस कार्यविधि बमोजिम प्रदान गरिने छात्रवृत्ति एक व्यक्तिलाई उक्त तह र कक्षामा एक पटक मात्र प्रदान गरिने छ । साथै यस नगरपालिकाबाट प्रदान गरिने छात्रवृत्ति यसै कार्यविधि बमोजिमको प्रक्रिया पूरा गरेर मात्र प्रदान गरिनेछ ।

८. **बाधा नपर्ने** : यस कार्यविधिमा उल्लेखित छात्रवृत्ति रकम प्रदान गरिएका विद्यार्थीले कक्षा ११ को परीक्षामा पनि तोकिएबमोजिम मापदण्ड अनुसारको जि.पि.ए सहित कक्षा ११ उत्तीर्ण गरी सोही विद्यालयमा कक्षा १२ मा भर्ना भई नियमित रुपमा अध्ययनरत रहेमा कक्षा १२ मा पनि जेहेन्दार छात्रवृत्ति उपलब्ध गराउन बाधा परेको मानिने छैन ।

९. **लागु नहुने** : यस कार्यविधि अनुसारको जेहेन्दार छात्रवृत्ति उपलब्ध गराउनको लागि आवश्यक पर्ने रकम अनुसारको बजेट नगरसभाले विनियोजन नगरेमा यस कार्यविधि बमोजिमको छात्रवृत्ति कार्यक्रम त्यस आ.व. को लागि लागु हुने छैन ।

१०.**स्वतः निष्क्रिय हुने** : यो कार्यविधि लागु भएपश्चात रेसुङ्गा नगरपालिकामा यसपूर्व कायम रहेका जेहेन्दार कार्यविधि सम्बन्धी अन्य कार्यविधिहरु स्वतः निष्क्रिय हुनेछन् ।

११. **कार्यविधिमा संशोधन** : यस कार्यविधिमा आवश्यक संशोधन गर्नुपर्ने भएमा नगर कार्यपालिकाले आवश्यक संशोधन गर्नेछ ।

## अनुसूची १

### दफा ५ का उपदफा (१) खण्ड (क) संग सम्बन्धित

**जेहेन्दार विद्यार्थी छात्रवृत्ति आवेदन फारमको नमुना:**

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू
रेसुङ्गा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
तम्घास, गुल्मी ।

विषय : जेहेन्दार विद्यार्थी छात्रवृत्तिको लागि आवेदन पेश गरेको

महोदय,

श्री रेसुङ्गा नगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट मिति ...................मा प्रकाशित जेहेन्दार विद्यार्थी छात्रवृत्ति सम्बन्धी सूचना अनुसार म उक्त छात्रवृत्ति प्राप्त गर्न योग्य विद्यार्थी भएकोले तपशिलका विवरण र कागजातहरु सहित यो निवेदन पेश गरेको छु । उक्त जेहेन्दार विद्यार्थी छात्रवृत्ति उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु ।

विवरण
विद्यार्थीको नाम :
अध्ययनरत विद्यालयको नाम र ठेगाना :
अध्ययनरत तह र कक्षा :

विषय :

स्थायी ठेगाना :

जन्ममिति : लिङ्ग :

आमा -बुवाको नाम थर :

S.E.E कक्षा ११ उत्तीर्ण गरेको विद्यालयको नाम र ठेगाना :

तोकिएको बैंकको नाम र खाता नं. :

निवेदक को नाम :

दस्तखत :

सम्पर्क नं :

मिति :

(क) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि वा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि ।

(ख) बाबु वा आमा वा अभिभावकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

(ग) S.E.E कक्षा ११ को ग्रेडसिटको प्रतिलिपि :

(घ) सम्बन्धित शैक्षिक संस्थामा चालु शैक्षिक सत्रमा भर्ना भएको विद्यालयको सिफारिस पत्र ।

(ङ) बैंक रहेको खाताको चेकबुकको प्रतिलिपि ।